नेपाल सरकार

फोनः- ०१-४२६९७३५

# स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

(स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र)

रामशाहपथ, काठमाण्डौं

ईमेलः- heoc.mohp.gov.np

पत्रसंख्याः HEOC/१०/०८१-८२

चलानी नं. ६

मितिः- २०८१/४/६

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

विषयः- एम्वुलेन्सहरुमा एकरुपता ल्याउने सम्वन्धमा।

श्री प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समिति

सातै प्रदेश ।

श्री जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति

सतहत्तरै जिल्ला ।

देशभरि रहेका सबै एम्बुलेन्सहरुको रङ, साईरन तथा एम्बुलेन्सहरुमा प्रयोग हुने अन्य संकेत समेतमा एकरुपता ल्याउनका लागि राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ को दफा १५. ले निर्देशित गरेको मापदण्डमा एकरुपता नआएको भन्ने जनगुनासो आईरहेको सम्वन्धमा राष्ट्रिय एम्बुलेन्स व्यवस्थापन समितिवाट एम्बुलेन्स सञ्चालनको अनुमति लिएका एम्बुलेन्सहरुले निर्देशिकाको दफा १५. बमोजिमको मापदण्ड पुरा गरेको अवस्थामा मात्र सबै जिल्ला एम्बुलेन्स व्यवस्थापन समितिले नविकरणका लागि प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समितिमा सिफारिस गर्ने र प्रादेशिक एम्बुलेन्स व्यवस्थापन समितिले समेत निर्देशिकाको दफा १५. ले तोकेको मापदण्ड पुरा गरेको अवस्थामा मात्र एम्बुलेन्स सञ्चालन अनुमति नविकरण गर्ने व्यवस्थालाई कडाईका साथ लागू गर्नुहुन निर्देशानुसार अनुरोध गरिन्छ ।

<u>राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ को दफा १५. ले निर्धारण गरेका मापदण्ड</u>

क. राष्ट्रिय प्रदुषण मापदण्ड अनिवार्य रुपमा पालना गरेको,

ख. एम्बुलेन्सको पहिचान हुने आवाज (साईरन), रातो लामो रङको संकेत वत्ती जडान भएको, 4 Wheel Drive भएको,

ग. एम्बुलेन्समा एम्बुलेन्स शब्द अगाडी उल्टो अक्षरवाट र तीन अंकको १०२ टेलिफोन नम्बर अंग्रेजी र नेपाली दुबै भाषामा लेखिएको,

घ. एम्बुलेन्सको वर्गिकरण खुल्ने गरी वर्ग उल्लेख भएको,

ङ. वर्गिकरण वमोजिमका सामान तथा सुविधा अद्यावधिक भएको,

च. एम्बुलेन्स एक हजार सि.सि. भन्दा बढी क्षमताको भएको,

छ. एम्बुलेन्समा निलो रङको कम्तिमा तीस से.मि. लम्वाईको स्टार अफ लाईन संकेत चिन्ह दायाँ बायाँ र पछाडी तीन तर्फ राखिएको,

ज. एम्बुलेन्सको चालकको पछाडी पट्टी कुनै पनि सिट नराखिएको,

झ. नेपाल सरकारबाट राजश्व छुट सुविधामा प्राप्त गरेको एम्बुलेन्सले नेपाल सरकारवाट राजश्व छुट प्राप्त एम्बुलेन्स भनि प्रष्ट देखिने गरि लेखिएको,

ञ. "क" वर्गको एम्बुलेन्समा निर्देशिकाले तोकेको ढाँचामा वाहिर देखिने भागको कम्तिमा दुई तिहाई भाग रातो, त्यस वाहेक दायाँ वायाँको भाग हरियो र पहेंलो रङको ब्याटन बर्ग शैली (६०० मिमि × ३०० मिमि) भएको र पछाडी भागमा ६ ईन्च चौडाई भएको उल्टो CHEVRON शैली न्यूनतम तीन धर्का भएको हुनुपर्नेछ,

ट. "ख" वर्गको एम्बुलेन्समा निर्देशिकाले तोकेको ढाँचामा वाहिर देखिने भागको कम्तिमा दुई तिहाइ भाग पहेंलो, त्यस वाहेक दायाँ वायाँको भाग हरियो र पहेंलो रङको ब्याटन बर्ग शैली (६०० मिमि × ३०० मिमि) भएको र पछाडी भागमा ६ ईन्च चौडाई भएको उल्टो CHEVRON शैली न्यूनतम तीन धर्का भएको हुनुपर्नेछ,

ठ. एम्बुलेन्सको रङ र स्वरुप निर्देशिकाको अनुसूचि-१० मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

ड. एम्बुलेन्समा GPS अनिवार्य रुपमा जडान गरिएको हुनुपर्नेछ ।

ढ. एम्बुलेन्स नविकरण गरेको स्टिकर निर्देशिकाको अनुसूचि-१६ मा उल्लेख भएअनुसार हुनुपर्नेछ ।

ण. उल्लेखित विषय बाहेक अन्य कुराको हकमा राष्ट्रिय एम्बुलेन्स निर्देशिका, २०७८ मा व्यवस्था भए वमोजिम गर्नुपर्नेछ ।

(वद्रीराज ढकाल)
शाखा अधिकृत

श्री सूचना प्रविधि शाखा :- यस पत्रलाई मन्त्रालयको website मा upload गरिदिनु हुन ।
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय